Our compassionate god and savior I

# हाम्रो दयालु परमेश्वर र मुक्तिदाता (उद्धारकर्ता)

## भाग १

### परिचय

यो संसारका शक्तिमानहरू जहिले पनि दयाको लागि परिचित छैनन् । त्यसको सट्टा, आफूभन्दा तलकालाई थिचोमिचो गर्न, कहिलेकाही निर्दयी र अमानवीय तरिकाले आफ्नो शक्ति प्रयोग गर्नेहरु पाइन्छ। येशू कसरी उहाँको अघि र उहाँभन्दा पछि आउनेहरूभन्दा पूर्णरूपले भिन्नै हुनुहुन्थ्यो । उहाँ एउटा नम्र सेवक झैं आउनुभयो र अनुग्रह, नम्रता र दयामा अरूलाई छुनुभयो र भेट्नुभयो ।

दया शब्दको अर्थ हो, अरूसँग दुःख भोग्नु, दुखित हुनु र अरूको लागि दया र सान्त्वना देखाउनु हो । परमेश्वर हाम्रो दयालु पिता र येशू प्रभु हाम्रो दयालु मुक्तिदाता (उद्धारकर्ता), हाम्रो राजा, जसले कृपा र अनुग्रहमा राज्य गर्नुहुन्छ । प्यालेष्टनी गाउँतिर हिड्दै जादा हरेक पाइलामा उहाँको करुणा हामी देख्छौं ।

### हाम्रो अध्ययन

**धर्मशास्त्रः २ कोरिन्थी १:३ "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर तथा पिता, करुणामय पिता र सबै सान्त्वनाका परमेश्वरलाई प्रशंसा होस् ।"**

१. पावलले परमेश्वरलाई के भनी पुकार्दछन् ?

............................................................

............................................................

२. उनले कसरी परमेश्वरको वर्णन गरेका छन् ?

............................................................

............................................................

येशू, जसले पिताको हृदयले प्रेम गर्नुभयो, खाँचोमा परेको मानिसलाई दयाको आँखाले हेर्नुभयो ।

**धर्मशास्त्रः मत्ती ९:३६ "तर भीडहरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो । किनभने तिनीहरू गोठालाबिनाका भेडाहरूजस्तै हैरान र असहाय भएका थिए ।"**

३. येशू प्रभुले मानिसहरूलाई कसरी हेर्नुभयो ?

............................................................

............................................................

४. उहाँको प्रतिक्रिया के थियो ?

............................................................

............................................................

यो दयाको बारेमा धर्मशास्त्र बाइबलभरि नै स्पष्ट रूपमा प्रमाणीत भएको छ ।

**धर्मशास्त्रः भजनसंग्रह ११६:५ "परमप्रभु अनुग्रहकारी र धर्मी हुनुहुन्छ, हाम्रा परमेश्वर करुणाले पूर्ण हुनुहुन्छ ।"**

५. भजन लेखकले परमेश्वरको कसरी वर्णन गरेको छ ?

............................................................

............................................................

**धर्मशास्त्रः यशैया ४२: २-३ "तिनी चिच्याउने छैनन् वा कराउने छैनन् अथवा तिनले आफ्नो स्वर सडकमा सुनाउने छैनन् । फुटेका निगालो तिनले भाच्ने छैनन् र धिपधिप भइरहेको सलेदो तिनले निभाउने छैनन् । तिनले विश्वस्ततामा न्याय गर्नेछन् ।"**

६. यशैयाले कसरी आउने मुक्तिदाता (येशू प्रभु) को बारेमा बर्णन गरेका छन् ?

............................................................

............................................................

**धर्मशास्त्रः यशैया ४२:६-७- "म परमप्रभुले तिमीलाई मेरो धार्मिकता अनुसार बोलाएको छु । म तिम्रो हात समात्नेछु र तिम्रो रक्षा गर्नेछु । तिमीलाई नै म जाति-जातिहरूका निम्ति करार र अन्य जातिका निम्ति ज्योति बनाउनेछु । अन्धाहरूका आँखा खोल्नलाई, कैदीहरूलाई कारागारबाट र अन्धकारमा बस्नेहरूलाई कैदी राख्ने तहखानाबाट निकाल्नलाई ।"**

७. परमेश्वरले कसरी उहाँको वर्णन गर्नुभएको छ ?

............................................................

............................................................

८. उहाँले के गर्नुहुनेछ ?

............................................................

............................................................

**धर्मशास्त्रः यशैया ४९:१३ "हे आकाश, आनन्दले चिच्याएर गा। हे पृथ्वी आनन्दित हो । हे पर्वतहरू हो, गला खोलेर गाओ किनकि परमप्रभुले आफ्ना प्रजालाई सान्त्वना दिनुभएको छ र कष्ट पाएका उहाँको प्रजामाथि उहाँले टिठ्याउनुहुनेछ ।"**

९. यशैयाले मुक्तिदाताको बारेमा अरू के बताउँदछन् ?

..............................................................

..............................................................

**धर्मशास्त्रः विलाप ३:२२-२३ "परमप्रभुको महान् प्रेमले गर्दा हामी भस्म भएका छैनौं, उहाँको कृपाको अन्त कहिल्यै हुँदैन । हरेक विहान उहाँको कृपा नयाँ हुन्छ । तपाईंको विश्वस्तता महान् छ ।"**

१०. अगमवक्ताले परमेश्वरको बारेमा के बताएका छन् ?

..............................................................

..............................................................

११. उनले परमेश्वरको विश्वासयोग्यताबारे के बताएका छन् ?

..............................................................

..............................................................

सबै मानिसहरूमाथि हाम्रो परमेश्वरको दया र अनुग्रहको कति राम्रो चित्रण! त्यहाँ यस्तो कुनै रोग थिएन, मानिसहरूको वर्ग थिएन । न कुनै यस्तो समस्या जहां येशूले दया देखाउन सक्नु भएन । येशू प्रभु र अरूमा साँच्चैको भिन्नता छ । उहाँले केही गर्नुहुन्छ होइन, उहाँले गर्नुभयो । धर्मशास्त्रले यसको बारेमा हामीलाई सबै कुरा स्पष्ट पार्दछ ।

यस अध्ययनमा हामी उहाँको दयाको कामको बारेमा हेरेर केही समय बिताऔं ।

**धर्मशास्त्रः मत्ती ४: २३-२४ "अनि येशू तिनीहरूका सभाघरहरूमा सिकाउँदै, राज्यको सुसमाचार प्रचार गर्दै र मानिसहरूमा भएका हरेक किसिमका रोग र शारीरिक दुर्बलता निको पार्दै सारा गालीलभरि घुम्नुभयो । उहाँको कृति सिरियाभरि फिँजियो र बिरामीहरू अर्थात विभिन्न प्रकारका रोग र पिडाले सताइएका र भूत लागेका र पक्षघात भएकाहरू सबैलाई मानिसहरूले उहाँकहाँ ल्याए । उहाँले तिनीहरूलाई निको पार्नुभयो ।"**

१२. येशूले के गर्नुभयो ?

..............................................................

..............................................................

येशूको दयाचाहिँ सबै किसिमका रोगहरूमाथि सबै वर्गका मानिसहरू यहाँसम्म, अन्यजातिहरूमा र शबाथको दिनमा भएको उहाँको चङ्गाईको कारण प्रमाणित हुन्छ ।

## सबै किसिमका रोगहरू

**धर्मशास्त्रः मर्कूस १:४०-४२ "अनि एउटा कुष्टरोगी उहाँकहाँ आएर घुडा टेक्दै यसो भनेर बिन्ती गऱ्यो, 'तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ ।' तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो र त्यसलाई भन्नुभयो, 'म इच्छा गर्दछु कि तिमी निको भइजाऊ ।' त्यति नै बेला त्यसको कुष्टरोग त्यसबाट हट्यो र त्यो निको भइहाल्यो ।"**

१३. यो मानिसले के चाहन्थ्यो ?

..............................................................

..............................................................

१४. यो मानिसले के भन्यो ?

..............................................................

..............................................................

१५. येशूको प्रतिक्रिया कस्तो थियो ?

..............................................................

..............................................................

**धर्मशास्त्रः लूका १७:१२-१४ "उहाँ एउटा गाउँमा पस्नुहुँदा दस जना कुष्टरोगीहरूसँग उहाँको भेट भयो । टाढै उभिएर उनीहरूले चर्को स्वरले भने, 'हे येशू गुरुज्यू, हामीमथि कृपा गर्नुहोस् ।' उहाँले तिनीहरूलाई देखेर भन्नुभयो, 'जाओ गएर पुजारीकहाँ आफैंलाई देखाओ ।' तिनीहरू जाँदाजाँदै निको भइहाले ।"**

१६. येशूले कसलाई भेट्नुभयो ?

..............................................................

..............................................................

१७. उनीहरूले येशू प्रभुलाई के भने ?

................................................................

................................................................

१८. येशू प्रभुले उनीहरुलाई के गर्न भन्नुभयो ?

................................................................

................................................................

पुजारीहरूलाई मात्रै कसैलाई शुद्ध वा अशुद्ध घोषणा गर्ने अधिकार थियो ।

१९. ती मनिसहरूलाई के भयो ?

................................................................

................................................................

**धर्मशास्त्र: मत्ती १२: २२ "तब उहाँकहाँ भूत लागेको एकजना अन्धो र गूँगो मान्छे ल्याइयो । येशूले त्यसलाई निको पार्नुभयो । यतिसम्म कि त्यो गूँगो मानिस बोल्ने र देख्ने भयो ।"**

२०. येशू कहाँ ल्याइएको मानिसलाई के समस्या थियो ?

................................................................

................................................................

२१. येशूले के गर्नुभयो ?

................................................................

................................................................

**धर्मशास्त्र: मत्ती २०:३०-३४ "बाटोको छेउमा बसिरहेका दुई जना अन्धोहरूले येशू त्यो बाटो जाँदैहुनुहुन्छ भन्ने सुनेर यसो भनि चिच्याए, 'हे प्रभु दाऊदका पुत्र हामीमाथि दया गर्नुहोस् ।' येशूले टिठ्याएर तिनीहरूका आँखा छोइदिनुभयो र उतिखेरै तिनीहरूले दृष्टि पाए: र तिनीहरू उहाँको पछि लागे ।"**

२२. येशूले ती दुई जना अन्धा मानिसहरूलाई के गर्नुभयो ?

................................................................

................................................................

................................................................

२३. नतिजा के भयो ?

................................................................

................................................................

................................................................

**धर्मशास्त्र: मत्ती १७:१४-१८ "तब उहाँहरू भीड लागेको ठाउँमा आउनुभएपछि एकजना मानिसले उहाँको सामु आइ घुँडा टेकेर भन्यो, 'प्रभु मेरो छोरामाथि दया गर्नुहोस् किनकि त्यसलाई छारेरोग लागेको छ र ठूलो कष्ट भोग्दैछ । त्यो कहिले आगोमा पर्छ, कहिले पानीमा पस्छ...।' येशूले त्यसलाई हर्कानुभयो र भूतात्मा त्यसबाट निस्कियो । त्यो केटो तुरुन्तै निको भयो ।**

२४. त्यो मानिसको छोरालाई के समस्या थियो ?

................................................................

................................................................

२५. येशू प्रभुले के गर्नुभयो ?

................................................................

................................................................

## सबै वर्गका मानिस

अर्कोचोटि येशू प्रभु सहरको ढोका भएर जादै गर्नुहुँदा एउटा लाश बोकेर लगिँदैथियो ।

**धर्मशास्त्र: लूका ७:१२-१५- "...एउटी विधवाको एउटै छोराको लाश लगिँदैथियो । ...जब प्रभुले तिनलाई देख्नुभयो, तब तिनलाई टिठ्याएर भन्नुभयो, 'नरोऊ ।' अनि नजिक गएर उहाँले अरथी छुनुभयो ...उहाँले भन्नुभयो, 'ए: युवक म तिमीलाई भन्दछु उठ ।' तब मृत मनिस उठेर बस्यो र बोल्न लाग्यो ... ।"**

२६. त्यहाँ के भयो ?

................................................................

................................................................

त्यस समयको आर्थिक परिस्थितिमा त्यो गरीब विधवाको सहारा कोही पनि थिएनन् । यदि उसलाई कसैले सहारा नदिएको भए, ऊ एउटा दासीको रूपमा बेचिन्थिन् ।

**धर्मशास्त्र: यूहन्ना ४:४६-५० "कफर्नहुममा एकजना उच्च अधिकारी थिए, जसको छोरा बिरामी थियो । येशू यहुदियाबाट गालिलमा आउनुभएको छ भन्ने सुनेर तिनी उहाँकहाँ गए: अनि तिनको छोरालाई आएर निको पारिदिन भनी उहाँलाई बिन्ती गरे किनकि तिनको छोरा मर्नै आटेको थियो । '...हजुर मेरो छोरा मर्नुभन्दा अघिनै आइदिनुहोस् ।' येशूले तिनलाई भन्नुभयो, 'जाऊ तिम्रो छोरा बाँच्नेछ... ।' "**

२७. उच्च अधिकारीको के चाहना थियो ?

...............................................................

...............................................................

२८. येशूको प्रतिक्रिया के थियो ?

...............................................................

...............................................................

उच्च अधिकारी घर फर्कदै गरेको बेला, उसको एकजना नोकर आएर उसको छोरा निको भएको खबर दियो। फेरि येशूको दया र उहाँको शक्ति खाँचो परेकालाई चङ्गाई दिन प्रयोग भएको छ।

यस पाठको दोस्रो खण्डमा हामी येशूको दया र चोट लागेकाहरूप्रति उहाँको प्रतिक्रिया र उहाँकहाँ आउनेहरूलाई उहाँले कसरी भेट्नुभयो, त्यसबारे हेर्नेछौं।

**उत्तरहरू**

१. करुणामय पिता र सबै सान्त्वनाका परमेश्वर,
२. जसले हामीलाई सबै समस्यामा सान्त्वना दिनुहुन्छ,
३. गोठाला बिनाको भेडाहरूजस्तै हैरान र असहाय,
४. उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो,
५. परमप्रभु अनुग्रहकारी, धर्मी र दयालु हुनुहुन्छ,
६. तिनी चिच्याउनेछैनन् वा कराउनेछैनन्, फुटेका निगालो तिनले भाच्ने छैनन् र धिपधिप भइरहेको सलेदो निभाउनेछैनन्,
७. जाति-जातिहरूका निम्ति करार र अन्यजातिका निम्ति ज्योति,
८. अन्धाहरूको आँखा खोल्नलाई, कैदीहरूलाई कारागारबाट र अन्धकारमा बस्नेहरूलाई तहखनाबाट निकाल्नुहुनेछ,
९. उहाँले आफ्ना प्रजाहरूलाई सान्त्वना दिनुहुनेछ, कष्ट पाएको उहाँको प्रजामाथि टिठ्याउनुहुनेछ,
१०. उहाँको कृपाको अन्त्य कहिल्यै हुदैन, ती हरेक बिहान नयाँ हुनेछन्,
११. यो महान् छ,
१२. उहाँले सभाघरमा सिकाउँदै, सुसमाचार प्रचार गर्दै, रोगीहरू निको पार्दै हिड्नुभयो। उहाँले पीडाले सताइएकाहरू, शैतानबाट पोलिएका, पक्षघात भएका सबैलाई निको पार्नुभयो,
१३. येशूले उसलाई निको पारिदेओस् भन्ने चाहन्थ्यो,
१४. "यदि तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नहुन्छ",
१५. उहाँले भन्नुभयो, "म इच्छा गर्दछु, तिमी निको भइजाऊ।" उहाँले त्यसलाई छुनुभयो र त्यो निको भयो,
१६. दश जना कुष्ठरोगी,
१७. "हे येशू, गुरुज्यू हामीमाथि कृपा गर्नुहोस्",
१८. पुजारीहरूकाहाँ गएर देखाओ,
१९. तिनीहरू जाँदाजाँदै कुष्ठरोगबाट निको भइहाले,
२०. त्यो मानिस भूत लागेको अन्धो र गूँगो थियो,
२१. येशूले त्यसलाई निको पार्नुभयो, यतिसम्म कि त्यो मानिस बोल्ने र देख्नेभयो,
२२. उहाँले तिनीहरूका आँखा छोइदिनुभयो,
२३. तिनीहरूले दृष्टि पाए,
२४. त्यो मानिसलाई छारेरोग लागेको थियो। त्यो केटो कहिले आगोमा र कहिले पानीमा पर्छ,
२५. उहाँले शैतानलाई हर्कानुभयो र भुतात्मा त्यसबाट निस्कियो र त्यो केटो त्यति नै खेर निको भयो,
२६. त्यो मृत केटो विधवाको एउटै छोरो थियो। येशूले त्यसलाई टिठ्याएर हेर्नुभयो र भन्नुभयो, "नरोऊ।" उहाँले अरथी छुनुभयो र भन्नुभयो, "उठ" त्यो केटा उठेर बस्यो र बोल्न थाल्यो,
२७. येशूले उसको छोरा निको पारिदिउन्,
२८. तिमी जाऊ र तिम्रो छोरा बाच्नेछ

यस प्रकाशनका सम्पूर्ण धर्म शास्त्रीय वचन पवित्र बाइबलबाट लिइएको हो।

All rights reserved.
Translated & Printed by: Aglow International-Nepal
c/o P.O. Box 3358, Kathmandu, Nepal